# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
**बागमती प्रदेश, नेपाल**

पत्र संख्या: २०८०/०८१

## हाट बजार ठेक्का बन्दोबस्त सम्वन्धी सूचना

*(तेस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०६/०७)*

मरिण गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ को अनुसूची ६ मा भएको ब्यवस्था अनुसार यस गाउँपालिकाको देहायको स्थानबाट आन्तरिक कर संकलनको लागि मिति २०८०/०६/०६ को गाउँ कार्यपालिकाको बैठकले बहाल विटौरी (हाट बजार) कर उठाउन ठेक्का बन्दोबस्त गर्न तेस्रो पटक सूचना प्रकाशित गर्ने निर्णय गरेको हुँदा इच्छुक ब्यक्ति, फर्म वा संस्थाहरूले स्थायी लेखा नम्बर (PAN) मा आवद्ध भएका निम्नानुसारका शर्तहरूको अधीनमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलबन्दी प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| सूचना नं. | स्थान र वडा नं. | | न्यूनतम कबोल रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| ०५/२०८०/०८१ | बडिमुहान हाट बजार | ०५ | ६०,०००।- (साठ्ठी हजार) | |

<u>शर्त तथा बन्देज</u>

१. इच्छुक योग्य ब्यक्ति, फर्म वा संस्थाहरूले रकम रु १,०००।- (अक्षरेपि एक हजार रूपैयाँ मात्र) दस्तुर बुझाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर ठेक्का सम्बन्धी कागजात खरिद गर्न सकिनेछ । ७ औं दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट फर्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको ठेक्का सम्बन्धी कागजात सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म शिलबन्दी गरि यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । तोकिएको समयमा दर्ता हुन आएका फर्महरू सोहि दिनको २:०० बजे कार्यालय समयमा खोलिनेछ । एउटा ब्यक्ति वा फर्मले खरिद गरेको ठेक्का सम्बन्धी कागजात अर्को ब्यक्ति वा फर्मले प्रयोग गर्न पाईने छैन ।

३. फर्मको हकमा फर्म दर्ता तथा नवीकरणको प्रमाण-पत्र र आ.व. ०७८/०७९ को कर चुक्ताको प्रमाण-पत्र पेश गर्नु पर्नेछ । ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. ठेक्का परेको ब्यक्ति, फर्म वा संस्थाले कबोल अंकको ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नु पर्नेछ र बाँकी ५० प्रतिशत रकम जेठ मसान्त सम्ममा जम्मा गरिसक्नु पर्नेछ ।

५. अन्य प्रावधान प्रचलित कानून बमोजिम हुनेछ ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत